**बैठक संख्याः २०८१।०८२ – १३**

## बैठकः घिरिङ गाउँपालिका तनहुँको गाउँ कार्यपालिका बैठक ।

मितिः- वि. स. २०८२ साल बैशाख १६ गते मंगलबार समय ११ बजे देखि सुरु।

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा ज्यू।

स्थानः गाउँपालिका सभाहल तनहुँ।

उपस्थित पदाधिकारीहरुको विवरणः

| क्र स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री होम बहादुर थापा | घिरिङ गाउँपालिका अध्यक्ष | | |
| २ | श्री राधादेवी अधिकारी | घिरिङ गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री कृष्ण प्रसाद ढकाल | घिरिङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री रवि चन्द्र घोरासिनी | घिरिङ गाउँपालिका वडा न. १ वडाअध्यक्ष | | |
| ५ | श्री नर वहादुर थापा | घिरिङ गाउँपालिकावडा न .२ वडाअध्यक्ष | | |
| ६ | श्री तहल सिंह थापा | घिरिङ गाउँपालिकावडा न. ३ वडाअध्यक्ष | | |
| ७ | श्री भिम बहादुर कुमाल | घिरिङ गाउँपालिकावडा न. ४ वडाअध्यक्ष | | |
| ८ | श्री विष्णु विर आले | घिरिङ गाउँपालिकावडा न. ५ वडाअध्यक्ष | | |
| ९ | श्री पार्बती वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री ईश्वरी श्रेष्ठ | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री रिमा कुमाल | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री सरिता वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री भुवन सिं वि.क | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री टोप बहादुर रामदाम | घिरिङ गाउँपालिका कार्यपालिका सदस्य | | |
| | | राष्ट्र सेवक कर्मचारी | | |
| १५ | युवराज खातिवडा | अधिकृत | | |
| १६ | अविनाश ढकाल | लेखा अधिकृत | | |

घिरिङ गाउँपालिका

गाउँ कार्यपालिका

कार्यपालिका बैठक संख्या :- २०८१/०८२/१३

मिति : २०८२/०१/१६

बैठकको अध्यक्षता :- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा

समय बैठक शुरु विहानको :- ८.००

बैठक बसेको स्थान :-गाउँपालिका सभाहल

**प्रस्तावहरु**

१) आ.व.२०८२/०८३ को योजना तर्जुमा सम्बन्धमा ।

२) भुमि आयोग सम्बन्धमा ।

३) उत्पादन प्रतिफलमा आधारित अनुदान सम्बन्धमा ।

४) हिउँदे घाँसको विऊ वितरण सम्बन्धमा ।

५) खानेपानी विद्युत महशुल सम्बन्धमा ।

६) करुवाटार सिंचाई अपुग रकम सम्बन्धमा ।

७) विविधमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व.२०८२/०८३ को योजना तर्जुमाका लागि सबै वडा कार्यालयहरुबाट २०८२ बैशाख महिना भित्र टोल बस्तीबाट योजना संकलन गरी जेष्ठ महिनाको पहिलो हप्तामा संकलित योजनाहरुमाथि वडा कार्यालयहरुले छलफल गरी जेष्ठ महिनाको दोस्रो हप्तामा विज्ञ सहित वडा स्तरीय राजनीतिक दलहरु समेत छलफल भै गाउँपालिकामा प्रप्त हुन आएका योजनाहरुलाई जेष्ठ महिना भित्र योजना शाखाबाट विषयगत समितिमा छलफल गरी एकिकृत योजना तर्जुमा समितिबाट मिति २०८२/०३/०५ गतेका दिन गाउँकार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा भूमिहीन दलित,मूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको पहिचान,लतग संकलन,प्रमाणीकरण तथा नाप नक्सा लगायतका कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहाय बमोजिमको स्थानी तहस्तरीय भूमी समस्या सहजीकरण समिति तपसिल अनुसार रहने निर्णय गरियो ।

तपसिल,

| क्र.सं | विवरण | पद | कै. |
|---|---|---|---|
| क | स्थानीय तहको प्रमुख वा अध्यक्ष | संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| ख | स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष | | उपसंयोजक | |
| ग | सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक/एक जना प्रतिनिधि | | सदस्य | |
| १ | नेपाली काग्रेस | श्री यम बहादुर थापा | | |
| २ | ने.क.पा.एमाले | श्री सुमन कुमार श्रेष्ठ | | |
| ३ | ने.क.पा.माओवादी केन्द | श्री चुन नारायण श्रेष्ठ | | |
| ४ | रा.स्वा.पा | श्री | | |
| घ | कार्यपालिका सदस्यहरु मध्येबाट एक दलित वा अल्पसंख्यक र एक महिला गरि दुईजना | | सदस्य | |
| १ | दलित वा अल्पसंख्यक | श्री भुवन सिं वि.क. | | |
| २ | महिला | श्री पार्वती वि.क. | | |
| ङ | स्थानीय तहमा क्रियाशील मूमिहिन किसान,सुकुम्वासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ,संगठन वा यस विषयमा अनुभवी नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि(कम्तीमा एक महिला र एक दलित सहित ३ जना) | | सदस्य | |
| १ | | श्री रन वडादुर राना वडा नं-३ | | |
| २ | | श्री मिलन गैरे वडा नं.-२ | | |
| ३ | | श्री गौरी भट्टराई वडा नं.- १ | | |
| च | प्रमुख प्रशासकीय अधिकृत | | सदस्य सचिव | |

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा आ.व.०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रममा उत्पादन प्रतिफलमा आधारित अनुदान कार्यक्रम संचालनका लागि घिरिङ गाउँपालिकाको उत्पादन प्रतिफलमा आधाारित अनुदान कार्यक्रम कार्यविधी २०८० अनुसार तपसिलका सहकारीहरु छनौट गर्ने निर्णय गरियो ।

तपसिल,

| क्र.सं. | दर्ता नं. | आवेदक संस्थाको नाम | ठेगाना | कै. |
|---|---|---|---|---|
| १ | ७ | श्री घिरिङ सुन्धारा सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | घिरिङ-२ भोरकोट | |
| २ | ८ | श्री भगवतीपुर सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | घिरिङ-५ बेलभञ्जाङ्ग | |

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा हिउँदे घाँसको विऊ वितरण सम्बन्धमा आ.व.०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार आहारा मिशन कार्यक्रम अर्न्तगत हिउँदे घाँसको विउ गाउँपालिका भित्रका कृषकहरुलाई ८५ प्रतिशत अनुदानमा वितरण गरिएको ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल गर्दा हाल सम्म उपभोताहरुलाई दिदै आएको खानेपानी विद्युत महशुल ६० प्रतिशतको पालिकाको सुविधा मिति २०८१ बैशाख देखि केही समयका लागि स्थगीत गर्ने निर्णय गरियो ।

गाउँपालिका
...लिकाको कार्यालय
घिरिङ, तनहुँ
...को प्रदेश, नेपाल
२०७३

होम बहादुर थापा
अध्यक्ष

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा करुवाटार सिंचाई अपुग रकम अन्य शिर्षकबाट रकमान्तर गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा विविधमा तपसिल अनुसार निर्णय गरियो ।

- महामृत्युन्जय धाममा गुरुहरुले प्रयोग गर्ने शौचालय निर्माणका लागि आवश्यक रकम उपलब्ध गराउने ।
- श्री चन्द्र ज्योती मा.वि. घिरिङ -३ मा सबै प्रकृतीका अपाङ्गता भएका बालबालिकाका लागि विशेष कक्षा श्रोत कक्षा संचालन गर्ने निर्णय गरियो साथै हालका लागि उक्त विद्यालयमा बौद्धिक तथा अटिजम अपाङ्गता भएका बालबालिक का लगि विशेष मध्यनजर गरी श्रोत कक्ष संचालन निर्णय गरियो ।
- पुट्टारघाट मिति २०८२ बैशाख २६ देखि ३१ गतेसम्म संचालनमा रहने ।
- वालीघाट मिति २०८२ बैशाख २३ देखि २९ गतेसम्म संचालनमा रहने ।
- गाईघाट -गल्याङ्ग मोटरमार्ग सरसफाईका लागि खर्च भएको रु.५० हजार विविध खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- अन्य शिर्षकबाट रकमान्तर गरि १०० थान तार जालि खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- श्री दिपक मा.वि.को नि.मा.नेपाली विषयको (राहात) दरवन्दी र श्री विष्णु आ.वि.का. नि.मा.नेपाली विषयको दरवन्दीलाई सम्बन्धित विद्यालयको दोहोरो सहमति प्राप्त भएको र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ -२ ज ले स्थानीय तहलाई दिएको दरवन्दी मिलान तथा व्यवस्थापनको अधिकारको प्रयोग गरी उक्त दुई विद्यालयको दरवन्दी साटासाट गर्ने निर्णय गरियो ।
- भुमि समस्या समाधान आयोग ताहाचल काठमाण्डौ लाई विगतको लगत संकलनमा छुट भएका लाभग्राहीहरुका लागि ३५ दिने लगत संकलन सूचना प्रकाशित गर्नका लागि अनुरोध गर्ने निर्णय गरियो ।
- तपसिल अनुसार आर्थिक सहायता दिने निर्णय गरियो ।

तपसिल,

| क्र.स | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्री सन्त बहादुर कुमाल घिरिङ -१ | शालीग्राम कोरीडोर सडक निर्माण गर्दा सेत पुरिएको सफाई -१२ घण्टा पालिका जे.सि.वि. | |
| २ | श्री मिन बहादुर दरै घिरिङ -१ | सिंचाईका लागि ३ थान ४ इन्चको पाइप उपलब्ध गराउने | |
| ३ | सामुहिक वेल विवाह -घिरिङ पोखरा नेवा गुठी | १५000.00 | |
| ४ | रिस्ती विकास समाज | १0,000.00 | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीघाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

होम बहादुर थापा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ५ | भर्लाङ्गदी खा.पा. घिरिङ -२ | इष्टिमेटका आधारमा भुक्तानी दिने | |
| ६ | एकदेव आले चिन्तन प्रतिष्ठान | २०,०००.०० | |
| ७ | भण्टार लाखे नाच | ३०,०००.०० | |
| ८ | नेत्रहिन सघ बुटवल | ५०००.०० | |
| ९ | अखिल नेपाल ट्रेड युनियन महासंघ | ५०००.०० | |
| १० | तनहुँ मिडिया नेटवर्क प्रा.लि. | ५०००.०० | |
| | | | |

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीघाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

होम बहादुर थापा
अध्यक्ष